मे ३, विश्व प्रेस स्वतन्त्रता दिवस।

**प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा**

# वार्षिक प्रतिवेदन




## नेपाल पत्रकार महासंघ

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

**(२०२२ मे ३ देखि २०२३ मे २६ सम्म)**


सम्पादन/संयोजन

**उदय जीएम**

विशेष सहयोगी

**खगेन्द्र फुयाँल**



**नेपाल पत्रकार महासंघ**

**केन्द्रीय प्रकाशन विभाग**

२०८०

© सर्वाधिकार

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं : ०१– ४११२७६३, ४११२६७३, फ्याक्स : ०१–४११२७८५

इमेल : fnjnepalcentral@gmail.com, fnjpublication@gmail.com

वेबसाइट : www.fnjnepal.org

डिजाइन/लेआउट

**उदय जीएम**

आवरण तस्वीर

**खगेन्द्र फुयाँल**

नेपाल पत्रकार महासंघले आयोजना गरेका विभिन्न कार्यक्रमहरू ।

**(वार्षिक प्रतिवेदनमा प्रकाशित सामग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत खुलाएर प्रयोग गर्न वा पुनः प्रयोग गर्न सकिने छ ।)**

# विश्व प्रेस स्वतन्त्रता दिवस, २०२३ को अवसरमा

# अध्यक्षको शुभकामना



आज मे ३ तारिखका दिन विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाइँदै छ । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेको थियो । राष्ट्रसंघको यो निर्णयसँगै आजको दिनलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले महत्वपूर्ण दिनका रूपमा लिन्छन् । आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरु र स्वतन्त्रताका पक्षपातीहरूको सहभागितामा तयार पारिएको 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' मा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो ।

यो दिनमा प्रेस स्वतन्त्रताका पक्षमा लडाईं लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिवद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तरक्रियाहरु गर्ने गरिन्छ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको सार्वजनिकीकरण र स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्न यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति योगदान पुर्‍याउने महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा पनि पत्रकार महासंघको आयोजनामा आज देशभर यस्ता चर्चा परिचर्चाहरू हुँदैछन् । काठमाडौंमा महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा काम

गर्दा गर्दै मृत्युवरण गरेका पत्रकारहरूको स्मरणमा बनाइएको स्मारकमा माल्यार्पण गर्दै वर्षभरिको प्रेस स्वतन्त्रताको अवस्थाको समीक्षा गर्दै अब कसरी अगाडि बढ्ने भन्ने बारेमा निष्कर्षको खोजी गर्नेगरी कार्यक्रमको आयोजना गरेको छ । नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्थामा छैन । भौतिक हमला र पेशागत असुरक्षा दुबैले पत्रकारहरूलाई त्रासमा राखेको अवस्था छ भने इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गर्दै पत्रकारहरूलाई निरूत्साहित गर्ने, अपमानित गर्ने खालका नयाँ प्रवृत्तिहरू पनि देखिन थालेका छन् । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईको तथ्यांक हेर्ने हो भने यस वर्ष पनि पत्रकारहरूको पेशागत सुरक्षाको अभाव जनाउँदै सयौं उजुरीहरू आएका छन् ।

बदलिँदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिदै गएका छन् । इन्टरनेटको विकाससँगै शुरू भएको डिजिटिल पत्रकारिता आजको मुख्य चुनौती र अवसरबीच संघर्षरत छ । कमजोर साइबर सुरक्षाका कारण अनलाइन सञ्चारमाध्यममा अनधिकृत प्रवेश गरी समाचार हटाउने जस्ता घटनाहरू बढ्न थालेका छन् । श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना नहुँदा आज पनि पत्रकारहरू पारिश्रमिकबाट बञ्चित छन् । मे ३ सन् २०२२ देखि अप्रिल २६ सन् २०२३ सम्म प्रेस स्वतन्त्रता हननका ५५ वटा घटना भएका छन् । गत बर्ष यही अवधिमा ७५ वटा घटनाहरू अभिलेख भएका थिए ।

यसबाट ९३ जना पत्रकार र ८ सञ्चारसंस्था गरी १०१ पीडित भएका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा अवरोधका ७, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११ वटा घटना भएका छन् । यस्तै लैङ्गिक हिंसाका २, विस्थापन १ र पेशागत असुरक्षाका ५५ वटा घटना भएका छन् ।

इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेस स्वतन्त्रतामाथि आक्रमणका प्रवृत्तिहरू पनि बढेका छन् । सामाजिक सञ्जालमार्फत पत्रकारको बेडरूमसम्म पनि धम्कीका सन्देशहरू पुग्ने गरेका छन् । यस्ता धम्कीहरूको आधिकारिक तथ्यांक पाइँदैन । तर पनि पत्रकार महासंघका विभिन्न तहको नेतृत्व गर्ने नेतृत्वकर्ताहरूसँगको संवादको आधारमा यो संख्या सामान्यरूपमा अनुमान गरेभन्दा धेरै हुनसक्ने अड्कल गर्न सकिन्छ ।

प्रेस स्वतन्त्रतामाथिका यस्ता विविधखाले आक्रमणका प्रवृत्तिहरूलाई निरूत्साहित गर्नका लागि अभियान नै थाल्नुपर्ने अवस्था छ । डिजिटल सुरक्षा, मिडिया साक्षरताजस्ता अभियानहरू यतिबेला आवश्यक महशुस भएका छन् । पत्रकार महासंघले शुरू गरेको फ्रि मिडिया नेटवर्क जस्ता सञ्जालहरूमार्फत मिडिया र नागरिक समाजबीचमा नियमित अन्तर्क्रिया गर्दा पनि प्रेस स्वतन्त्रताका सवालमा नागरिक समाजको साथ पाउने अनुभव हामीले गर्न थालेका छौं । त्यसैगरी संविधानले ग्यारेण्टी गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई अभ्यासमा पनि महशुस गर्नसक्ने बनाउनका लागि आवश्यक कानुन निर्माण गर्ने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राख्न जरूरी छ ।

मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा संघीयताको अभ्यास थालेको पनि ८ वर्ष भइसकेको छ । तर यतिका अवधि भइसक्दा अझ पनि नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित विभिन्न कानुनहरू निर्माण हुन सकिरहेका छैनन् । आमसञ्चार नीति २०७३ को कार्यान्वयनका लागि कानुनको अभाव भएको छ, जसले गर्दा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको जस्तोगरी पत्रकारिता क्षेत्रलाई अगाडि बढाउन सकिएको छैन । पत्रकारिता क्षेत्रमा आएका नयाँ आयाम र प्रविधिको सदुपयोग गर्दै अगाडि बढ्नुपर्ने चुनौतीलाई सम्बोधन गर्नेगरी कानुनहरू निर्माण

गरेर अगाडि बढ्नुपर्ने दायित्व यतिबेला हाम्रो काँधमा आएको छ । अघिल्लो संसदमा पेश गर्नका लागि बनाइएका कानुनका मस्यौदाहरूलाई परिमार्जन गरेर नयाँ संसदमा पेश गर्नका लागि सरकारले काम गरिरहेको जनाएको छ । त्यो परिमार्जनले हामीले खोजेको जस्तो कानुन निर्माणको सुनिश्चितता गरोस् भनेर हामीले गम्भीर चासो दिन आवश्यक छ र दिइराखेका पनि छौं ।

प्रेस स्वतन्त्रताका सन्दर्भमा राज्य र राजनीतिक शक्ति अझै पनि अनुदार रहेको अनुभूति हामीले गर्नु परिरहेको छ । सरकार र संसदको प्राथमिकतामा सञ्चारसँग सम्बन्धित कानुन र मुद्दाहरू पर्ने गरेका छैनन् । सञ्चार क्षेत्रमाथि जिम्मेवार राजनीतिक नेतृत्वबाट संचारसंस्था घेराउ गर्ने र धम्कीसमेत सुनिदै आएको अवस्था छ । तर, यति हुँदाहुँदै पनि निरन्तर नागरिकलाई सूचना प्रवाह गर्ने, राज्यलाई खबरदारी गर्ने आफ्नो दायित्व निर्वाह गर्न नेपाली पत्रकारिता निरन्तर लागिरहेको अवस्था छ । प्रेसमैत्री कानुन निर्माणका लागि पनि हाम्रो खबरदारीले काम गरिरहेको छ । हाम्रो लडाईंका कारण स्थगित भएका कानून निर्माणका प्रक्रियाहरूलाई सहीढंगले अगाडि बढाउन राज्यसँग हामीले प्रतिवद्धता खोजिरहेका छौं ।

विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा हुने अन्तर्क्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुनेछ र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरूका साथै सरोकारवालाहरूको ध्यानाकर्षण गराउनेछन् भन्ने मैले विश्वास लिएको छु ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन । नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अंग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भएतापनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन । त्यसकारण प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाईमा पुऱ्याउन पत्रकार महासंघ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरु एक ठाउँमा उभिन जरूरी छ ।

अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिकतापूर्वक उभिई पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्दै विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**विपुल पोखेल**
अध्यक्ष
**नेपाल पत्रकार महासंघ**

(विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३ सन् २०२३ को अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले दिनुभएको शुभकामना सन्देश)

# विषय सूची

- नेपालमा २०२२ मे ३ देखि २०२३ अप्रिल २६ गतेसम्ममा
प्रेस स्वतन्त्रताको अवस्था– १

- प्रेस स्वतन्त्रता र श्रम अधिकार महासंघको प्राथमिकता – १७
**रमेश विष्ट**

- पत्रकार महासंघ : प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा सधैं
अग्रमोर्चामा – २३
**रोसन पुरी**

# विश्व प्रेस स्वतन्त्रता दिवस २०२३

## नेपालमा २०२२ मे ३ देखि २०२३ मे २६ सम्म प्रेस स्वतन्त्रताको अवस्था अनुगमनसम्बन्धी

# वार्षिक प्रतिवेदन

विक्रम संवत २०७९ साल नेपाली पत्रकारिता क्षेत्रका लागि थप चुनौतीपूर्ण वर्ष रह्यो । श्रम समस्यामा अघिल्लो वर्षभन्दा कमी आए पनि श्रमको दीर्घकालीन समस्या समाधानमा कुनै पनि प्रकारको पहल भएन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका घटनामा कमी आए पनि जननिर्वाचित संस्था संविधान कार्यान्वयनका लागि बनाउनु पर्ने कानून निर्माणमा उदासीन भएको छ ।

नेपाल पत्रकार महासंघले गरेको अभिलेखीकरण भएअनुसार २०७९ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का विभिन्न घटना भएका छन् । पत्रकारलाई समाचार लेखेकै आधारमा पक्राउ गर्ने, प्रसारण तथा प्रकाशनमा अवरोध, दुर्व्यवहार तथा धम्की, आक्रमण, पेशागत असुरक्षा जस्ता घटना भएका छन् ।

श्रमजीवी पत्रकारले नियुक्तिपत्र नपाउने, तलब नपाउने, सेवासुविधा नपाउने र जबरजस्ती जागिरबाट निकालिनेलगायतका समस्या २०७९ सालमा दोहोरिएका छन् । श्रम समस्याको दीर्घकालीन समाधानमा नेपाल पत्रकार महासंघले निरन्तर नीतिगत पहल, खबरदारी, आन्दोलन र कानूनी लडाईं जारी राखेको छ । तर, श्रम समस्याको स्थायी समाधानका लागि सरकार गम्भीर हुन सकेन ।

प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल २०७९ सालमा सकिएको छ । पाँच वर्षको अवधिमा आमसञ्चार ऐनलाई कार्यान्वयन गर्नका लागि बन्नुपर्ने एउटाबाहेक कुनै पनि कानुन बन्न सकेनन् । तीनवटै तहमा नयाँ सरकार बनेपछि महासंघकै पहलमा सञ्चार कानून निर्माणको काम अगाडि बढेको छ । तर, त्यस्ता कानूनहरू संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री हुनुपर्नेमा महासंघले आफ्नो प्रष्ट दृष्टिकोण राखेको छ । संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानून निर्माणमा सरकारलाई खबरदारी गर्नुपर्ने आवश्यकता छ ।

२०८० सालमा महासंघले सञ्चारसम्बन्धी बन्नुपर्ने कानून निर्माण, श्रमजीवी पत्रकारका समस्याको दीर्घकालीन समाधानको प्रयास, पत्रकारका लागि कल्याणकारी काम र मिडिया क्षेत्रमा देखिएका विभिन्न प्रकारका समस्या समाधानलाई प्राथमिकतामा राखेर काम गर्ने तयारी गरेको छ । युट्युब

लगायत सञ्चारका विभिन्न माध्यममा आएका कतिपय कन्टेन्टका आधारमा समग्र पत्रकारिता क्षेत्रप्रति फैलिइरहेको नकरात्मक धारणा सुधारका लागि पनि महासंघले गरिरहेका प्रयासलाई थप प्रभावकारी बनाउनु पर्नेछ । प्रेसप्रति अनुदार राजनीतिक दल तथा नेतालाई लोकतान्त्रिक संस्कारको विकास गर्न प्रेरित गर्नेगरी महासंघले दलहरूसँग सघन छलफल गर्नुपर्ने आवश्यकता पनि प्राथमिकतामा राखेको छ ।

श्रमजीवी पत्रकारका समस्याको दीर्घकालीन समाधान गर्न, पत्रकारको भौतिक तथा पेशागत सुरक्षा, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानून निर्माण, नागरिक अधिकारको संवैधानिक प्रत्याभूति, सञ्चारमाध्यमको दिगोपनाका लागि विगतमा जस्तै महासंघले नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै यो अभियानमा सबै पत्रकारसहित आम नागरिकको पनि साथ, सहयोगको अपेक्षा गर्दछ ।

## नेपालमा प्रेस स्वतन्त्रता हनन्‌का घटनाको अभिलेखीकरणको व्यवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखीकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृतिअनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्‌का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई रेकर्ड गर्ने गरेको छ । डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ ।

उक्त डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भएपनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनी समीक्षा गरी छुट्टाछुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हनन्‌को अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हनन्‌का घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिताबाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिँदैन । साथै आम व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विषयलाई पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाईमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको

छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ३ तारिखदेखि यस वर्षको मे २ तारिखसम्मका घटनाहरूलाई लिने गरिएको छ । तर रिपोर्ट तयारीका लागि आवश्यक समयका कारण यस वर्ष वैशाख १३ सम्मका घटनाहरूलाई मात्र समावेश गर्न सकिएको छ ।

## मे ३ सन् २०२२ देखि अप्रिल २६ सन् २०२३ मा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको विश्लेषण

बदलिदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिदै गएका छन् । इन्टरनेटको विकाससँगै शुरू भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरका बीच संघर्षरत छ । कमजोर साइबर सुरक्षाका कारण अनलाइन सञ्चारमाध्यमा अनधिकृत प्रवेश गरी समाचार हटाउने जस्ता घटनाहरू बढ्न थालेको छन् । श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना नहुँदा आज पनि पत्रकाहरू पारिश्रमिकबाट बञ्चित छन् । मे ३ सन् २०२२ देखि अप्रिल २६ सन् २०२३ मा प्रेस स्वतन्त्रता हननका ५५ वटा घटना भएका छन् । गत बर्ष यही अवधिमा ७५ वटा घटनाहरू अभिलेख भएका थिए ।

यसबाट ९३ जना पत्रकार र ८ सञ्चारसंस्था गरी १०१ पीडित भएका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक बर्षको अवधिमा पत्रकार गिरफ्तारका २ घटना भएका छन् । कब्जा अवरोधका ७, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११ वटा घटना भएका छन् । यस्तै लैङ्गिक हिंसाका २, विस्थापन १ र पेशागत असुरक्षाका ५५ वटा घटना भएका छन् ।


महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइले प्रदेशहरुका आधारमा रेकर्ड गरेका घटनाहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| घटना प्रकृति | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| गिरफ्तारी | १ | | | | | | १ | | २ |
| कब्जा/अवरोध | | | ६ | | | | १ | | ७ |
| आक्रमण | | १ | ४ | १ | | | ५ | | ११ |
| दुर्व्यवहार/धम्की | ३ | ३ | ९ | २ | १ | २ | ३ | १ | २४ |
| लैङ्गिक हिंसा | १ | | १ | | | | | | २ |
| विस्थापन | | | १ | | | | | | १ |
| पेशागत असुरक्षा | | २ | ४ | १ | १ | | | | ८ |
| जम्मा घटना | | | | | | | | | ५५ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगम इकाई, सन् २०२३, अप्रिल २६ ।*

## घटना प्रकृतिका आधारमा

| | घटना प्रकृति | घटना संख्या |
|---|---|---|
| १ | मृत्यु/हत्या | ० |
| २ | बेपत्ता | ० |
| ३ | गिरफ्तारी | २ |
| ४ | कब्जा/अवरोध | ७ |
| ५ | आक्रमण | ११ |
| ६ | दुर्व्यवहार/धम्की | २४ |
| ७ | विस्थापन | १ |
| ८ | पेशागत असुरक्षा | ८ |
| ९ | लैङ्गिक हिंसा | २ |
| कुल संख्या | | ५५ |



प्रेस स्वतन्त्रता हननका ५५ वटा घटना हुँदा ९३ जना पत्रकार तथा सञ्चारकर्मी र ८ सञ्चारसंस्था पीडित भएका छन् ।

| | कोशी प्रदेश | | | मधेश प्रदेश | | | बागमती प्रदेश | | | गण्डकी प्रदेश | | | लुम्बिनी प्रदेश | | | कर्णाली प्रदेश | | | सुदुरपश्चिम प्रदेश | | | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | | |
| गिरफ्तारी | १ | | | | | | | | | | | | | | | | | | १ | | | | २ |
| कब्जा/अवरोध | | | | | | | ९ | ३ | ४ | | | | | | | | | | १ | | | | १७ |
| दुर्व्यवहार / धम्की | १० | | | ३ | | | ९ | २ | ३ | २ | | | ३ | | | २ | | | २ | १ | | १ | ३७ |
| लैङ्गिक हिंसा | | १ | | | | | | १ | | | | | | | | | | | | | | | २ |
| आक्रमण | | | | १ | | | ५ | | | १ | | | | | | | | | ४ | | १ | | १२ |
| पेशागत असुरक्षा | | | | २ | | | १० | १५ | | १ | | | १ | | | | | | | | | | २९ |
| विस्थापन | | | | | | | १ | | | | | | | | | | | | | | | | १ |
| जम्मा घटना | ११ | १ | | ६ | | | ३४ | २१ | ७ | ४ | | | ४ | | | २ | | | ८ | १ | १ | १ | १०१ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगम इकाई, सन् २०२३, अप्रिल २६ ।*

पुरुष =७०, महिला = २३, संस्था =८

**नेपाल पत्रकार महासंघमा मे ३ सन् २०२२ देखि अप्रिल २६ सन् २०२३ सम्म अभिलेख भएका प्रेस स्वतन्त्रता हननका घटनाहरू संक्षेपमा :**

## १. पक्राउ

२०७९ मंसिर १० गते नेपाल पत्रकार महासंघ उदयपुर शाखाका सदस्य तथा रेडियो नेपालका जिल्ला सम्वाददाता एवं निगरानीपोष्ट अनलाइनका सञ्चालक गजेन्द्र राईलाई समाचारको विषयलाई लिएर प्रहरीले पक्राउ गरेको थियो । उदयपुर शाखाका अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको रिपोर्टिङको क्रममा रहेका पत्रकार राईलाई २०७९ मंसिर १० गते प्रहरीले त्रियुगा नगरपालिकाबाट पक्राउ गरेको थियो । पत्रकार राईलाई समाचार प्रसारणका विषयमा विद्युतीय कारोबार ऐनअन्तरगत मुद्दा चलाएको शाखाले जनाएको थियो । २०७९ असार ६ गते समाचार संकलनका क्रममा कञ्चनपुरबाट प्रकाशित विकल्प दैनिकका कार्यकारी सम्पादक रनी विवशलाई प्रहरीले बिनाकारण नियन्त्रणमा लिएको थियो । महासंघको सुदूरपश्चिम प्रदेश समितिका अनुसार पत्रकार विवशलाई महेन्द्रनगर बजारको फ्रिलाइन सडकमा निर्माण सामग्री बोकेको ट्रकमा भएको आगलागीको समाचार संकलनका क्रममा प्रहरीले पक्राउ गरेको थियो ।

## २. दुर्व्यवहार/धम्की

२०८० बैशाख ६ गते समाचार संकलनका क्रममा झापामा तीनजना पत्रकारमाथि प्रहरीले दुर्व्यवहार गरेको छ । महासंघ झापा शाखाका अनुसार उक्त दिन दमकस्थित ओम मेची अस्पतालमा एक सुत्केरीको मृत्युपछि उत्पन्न परिस्थितिका बारेमा समाचार संकलनका लागि अस्पताल पुगेका महासंघ झापा शाखाका कार्यसमिति सदस्य तथा नयाँ पत्रिका दैनिकका सम्वाददाता चिरञ्जीवी घिमिरे, सदस्यद्वय गोरखापत्र सम्वाददाता विष्णुप्रसाद पोखरेल तथा हिमशिखर टेलिभिजनका समाचार प्रमुख सुदीप अधिकारीलाई इलाका प्रहरी कार्यालयबाट खटिएका प्रहरीले समाचार संकलनमा रोक लगाउँदै दुर्व्यवहार गरेका थिए ।

२०७९ चैत ३ गते संघीय संसदका सभामुख देवराज घिमिरेले नेपाल पत्रकार महासंघको प्रतिनिधि मण्डलबीच भएको भेटघाटका क्रममा नेपाली सञ्चार क्षेत्रलाई लाञ्छनापूर्ण अभिव्यक्ति दिएका थिए । पीत पत्रकारिता जारी रहेको भन्दै पत्रकार लगायत महासंघ पनि बिक्रीमा छ भन्दै प्रेसप्रति लाञ्छना लगाएका थिए ।

२०७९ माघ १८ गते समाचार संकलनका लागि संघीय संसद पुगेकी देशसञ्चारकी फोटो पत्रकारलाई त्यहाँ तैनाथ सुरक्षाकर्मीले शौचालय जाने भन्दा पुरूष शौचालयमै जा भन्दै दुर्व्यवहार गरेका थिए । सचिवालयका सुरक्षाकर्मीबाट समाचार संकलनका क्रममा सञ्चारकर्मीलाई विभिन्न समयमा अवरोध खडा गर्ने, अनावश्यक केरकार गर्नेजस्ता गतिविधि प्रहरीले गर्ने गरेको जनाइएको छ ।

२०७९ माघ २२ गते राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि

लामिछानेले पत्रकार सम्मेलनमार्फत धम्की दिएका थिए । पत्रकार सम्मेलनमा लामिछानेले नेपाली सञ्चारक्षेत्रप्रति आधारहीन र पूर्वाग्राही आरोप लगाउँदै धम्कीपूर्ण अभिव्यक्ति दिँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर आरोप लगाएका थिए ।

२०७९ पुस २८ गते नेपाल पत्रकार महासंघ युएई शाखाका सदस्य एवं महाप्रतिवाद राष्ट्रिय साप्ताहिकमा कार्यरत पत्रकार कृष्णबहादुर कुँवरलाई युएईस्थित नेपाली दूतावासका कर्मचारीद्वय डिल्लीराम शर्मा र पिआरओ इरफान आलमले दुर्व्यवहार गरेका थिए । युएई शाखाका अनुसार पुस २८ गतेका दिन नेपालीलाई पासपोर्ट नवीकरणका लागि पीडितलाई सहयोग गर्ने तथा समाचार संकलन समेत गर्ने उद्देश्यले दूतावास पुगेका पत्रकार कुँवरलाई पत्रकार रहेको परिचय दिँदादिँदै दूतावासका कर्मचारीद्वय शर्मा र आलमले परिचयपत्र र मोबाइलसमेत ४ घण्टासम्म नियन्त्रणमा लिएर स्थानीय प्रहरी बोलाएर पक्राउ गराउने धम्की दिई युएईको परिचयपत्र (इमिरेट्स आइडी कार्ड) जफत गरी मानसिक तनाव दिएका थिए ।

२०७९ पुस १५ गते समाचारको विषयलाई लिएर अनलाइन खबर डटकममा कार्यरत धनुषाका पत्रकार शैलेन्द्र महतो क्रान्तिलाई धनुषास्थित विदेह नगरपालिकाका प्रमुख बेचन दासले भौतिक कारबाहीको धम्की दिएका थिए । नवनिर्वाचित मधेश प्रदेशसभा सदस्यहरूको शपथग्रहण समारोहको समाचार संकलनका लागि मधेश प्रदेशसभा सचिवालय परिसर पुगेका पत्रकार क्रान्तिलाई प्रमुख दासले नगरपालिका आउनू 'लात्तीले हानेर छातीको हाड भाँचिदिन्छु । मैले नसके महिला र अन्य मान्छे लगाएर भाँच्छु' भनेर धम्क्याएको पीडितले महासंघलाई जानकारी गराएका थिए ।

मिति २०७९ पुस २९ नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिकी निवर्तमान उपाध्यक्ष एवं गोरखापत्र दैनिकका कैलाली सम्वाददाता चाँदनी आचार्यलाई समाचारको विषयलाई लिएर मानसिक तनाव दिने, धम्की दिने र प्रशासनिक झमेला दिनेजस्ता कार्य भइरहेको पत्रकार आचार्यले जानकारी दिनुभएको छ । उहाँका अनुसार खोज पत्रकारिता केन्द्रले गत फागुनमा प्रकाशित गरेको 'ब्याजको बोझले सिध्याएको गाउँ' शीर्षकमा पीडितसँग कुराकानीका आधारमा तयार पारिएको सामग्री राष्ट्रिय सञ्चारमाध्यमहरूमा समेत प्रसारण भएपछि पत्रकार आचार्यलाई मिटरब्याजी समूहले मानसिक तनाव दिने, धम्क्याउने तथा प्रशासनिक हैरानी दिनेजस्ता कार्य गरिरहेको बताउनुभयो ।

२०७९ मंसिर २७ गते नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य तथा सप्तरी कार्यक्षेत्र बनाएर कान्तिपुर दैनिकमा कार्यरत रहेका पत्रकार अवधेशकुमार झालाई प्रकाशित समाचारको विषयलाई लिएर केही व्यक्तिहरूले सामाजिक सञ्जालमा तस्वीर नै राखेर ज्यान मार्ने धम्की दिएका थिए । महासंघ सप्तरी शाखाका अनुसार २०७९ मंसिर १७ गते 'तोक आदेशमा कर्मचारी भर्ना' शीर्षकमा कान्तिपुर दैनिकमा प्रकाशित समाचारलाई लिएर पत्रकार झालाई केही व्यक्तिले भौतिक कारबाहीको धम्की दिएका थिए ।

२०७९ मंसिर २० गते दाङबाट प्रसारित हुने रेडियो बंगलाचुली ९१ दशमलब ७ मेगाहर्जको कार्यकक्षमा एक समूह प्रवेश गरेर त्यहाँ कार्यरत सञ्चारकर्मीलाई दुर्व्यवहार गर्नुका साथै धम्की दिएको तथा कार्यालयमा तोडफोड र आन्तरिक कागजपत्र च्यातिएको जनाइएको छ । महासंघ दाङ शाखाका अनुसार मंसिर १९ गते सोमबार दिउँसो १:३० बजेतिर एक्कासी प्रवेश गरेको सो समूहले सञ्चारकर्मीमाथि दुर्व्यवहार गर्ने, धम्की दिने तथा रेडियोमा तोडफोड र कार्यालयको आन्तरिक कागजपत्र च्यातिदिएको थियो ।

२०७९ कार्तिक ३० गते समाचारको विषयलाई लिएर नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा सदस्य तथा समृद्धि पोष्ट दैनिकका प्रकाशक/सम्पादक मदनराज जोशीलाइ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का कार्यकर्ताले ज्यान मार्ने धम्की दिएका थिए । उनीहरूले सम्पादक जोशीलाई समाचार प्रकाशन नगर्न धम्की दिएको महासंघ कञ्चनपुर शाखाले जनाएको छ । पत्रकार जोशीले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसार गर्दा आचासंहिता उल्लंघन गरेको भन्दै समाचार प्रकाशन गर्दा कार्यकर्ताहरूले धम्की दिएका थिए ।

२०७९ कार्त्तिक २३ गते नेपाल पत्रकार महासंघ धादिङ शाखाका कार्यसमिति सदस्य तथा ग्यालेक्सी फोके टेलिभिजनका सम्वादाता विकास रौनियारलाई समाचार संकलनका क्रममा बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक रामकृष्ण सापकोटाले गालीगलौज गरेका थिए । महासंघ धादिङ शाखाका अनुसार कार्तिक २३ गते बुधबार समाचारका लागि तथ्यांक र भिजुअल बाइट माग गर्दा प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक सापकोटाले पत्रकार रौनियारलाई अपशब्द प्रयोग गर्दै गालीगलौजसहित दुर्व्यवहार गरेका थिए ।

मिति २०७९ भदौं १९ गते नेपाल पत्रकार महासंघ झापा शाखाका सदस्य एवं ग्यालेक्सी फोके टेलिभिजन प्रदेश १ का व्यूरो प्रमुख राजु पौडेल र झापा सदस्य एवं फोके टेलिभिजनका सम्वाददाता नारायण अर्याललाई झापास्थित बिएण्डसी अस्पतालका सञ्चालक दुर्गा प्रसाईले दुर्व्यवहार गरेका थिए । महासंघ झापा शाखाका अनुसार विभिन्न समयमा सञ्चारमाध्यम र युट्युब च्यानलमा अन्तर्वार्ता दिने क्रममा पत्रकारद्वयलाई अपमानित हुने किसिमले विभिन्न लाञ्छना लगाउँदै दुर्व्यवहार गरेका थिए ।

२०७९ असोज ९ गते नेपाल पत्रकार महासंघ बागलुङका सदस्य तथा इलाकाखबर अनलाइनका सम्पादक सज्जनकुमार सिंह (सूर्यबहादुर विश्वकर्मा) र उहाँका परिवारलाई भौतिक कारबाहीको धम्की दिइएको जनाइएको छ । महासंघ गण्डकी प्रदेश समितिका अनुसार Ganesh Gaming नामको फेसबुक आइडीबाट पत्रकार सिंहको म्यासेजमा अश्लील गालीगलौजसहित पत्रकारलाई धम्की दिइएको थियो ।

२०७९ असोज ५ गते समाचारको विषयलाई लिएर अनलाइनखबर डटकममा कार्यरत पत्रकार बिनु सुवेदीलाई नेकपा एमालेको भातृ संगठन

अनेरास्ववियुका राष्ट्रिय अध्यक्ष सुनिता बराललले सामाजिक सञ्जाल ट्वीटरमार्फत कुटपिट गर्ने धम्की दिएकी थिइन् । पत्रकार सुवेदीलाई झापामा रिर्पोटिङ गरेर फर्किएपछि 'बिनु सुवेदीले कुन दिन झापाली जनताको रामधुलाई भेटि्छन्' भनी एमाले कार्यकर्ताबाट गरेको ट्वीटमा अनेरास्वविवियु अध्यक्ष बराललले असोज ६ गते बिहीबार कमेन्टमार्फत धम्की दिइएकी थिइन् ।

२०७९ भदौं १९ गते नेपाल पत्रकार महासंघ कालिकोट शाखाका पूर्वअध्यक्ष कालीबहादुर मल्ललाई समाचार प्रकाशित भएको विषयमा नेकपा एमाले कालिकोट कार्यालय सचिव दानबहादुर शाहीले धम्की दिएका थिए । महासंघ कालिकोट शाखाका अनुसार पत्रकार मल्ल कार्यरत नेपाल समाचारपत्र दैनिक र इन्सेक अनलाइनमा निज शाहीको विषयमा समाचार प्रकाशित भएपछि भदौ १९ गते शाहीले पत्रकार मल्ललाई अपशब्द प्रयोग गर्दै गालीगलौज गर्दै घाँटी छिनाली मार्ने धम्की दिएका थिए ।

२०७९ भदौं १२ गते काष्ठमण्डप टेलिभिजनमा कार्यरत ५ जना पत्रकामाथि समाचार संकलनका क्रममा लक्ष्मी बैंकका सुरक्षा गार्डलगायतका कर्मचारीहरूले समाचार संकलनमा अवरोध गर्दै दुर्व्यवहार गरेका थिए । टेलिभिजनका अनुसार गोरखा ब्रुअरीले महानगरपालिकासँग अनुमति नलिई सुर्तीजन्य पदार्थ तथा मदिराको विज्ञापनको विषयमा समाचार संकलनका लागि भदौ १२ गते आइतबार दिउँसो १:०० बजे हात्तीसारस्थित केन्द्रीय कार्यालय पुगेका पत्रकार लेदन राई, फोमस भण्डारी, बज्रकिशोर पटेल तथा क्यामेरापर्सन राजेन्द्र तामाङ र रमेश सिंह विष्टमाथि लक्ष्मी बैंकका सुरक्षागार्डलगायतका कर्मचारीहरूले समाचार संकलन गर्न रोक लगाउँदै दुर्व्यवहार गरेका थिए ।

२०७९ भदौं १० गते नेपाल पत्रकार महासंघ डोटी शाखा सचिव पवन महरालाई शिखरसमाचार डटकममा मिति २०७७ साउन ७ गते प्रकाशन भएको ६८ थान सालको काठ बरामद भएको विषयलाई लिएर आदर्श गाँउपालिका ५ का धर्म रोकायाले राति ९:३० बजेतिर पटकपटक फोनगरी गालीगलौंज गर्दै अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए ।

२०७९ साउन २६ गते हिमालपोष्ट डटकममा प्रकाशित समाचारको विषयलाई लिएर उक्त अनलाइनका सम्पादक मोती खनाललाई धम्की दिएका थिए । उक्त अनलाइनमा सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापाको बारेमा प्रकाशित समाचारलाई लिएर सम्पादक खनाललाई मेयरका भाइ बताउने रामकुमार थापासहित अन्य केही व्यक्तिले थप सूचना दिने भनी बोलाएर समाचारको स्रोतबारे जानकारी नदिए या समाचार नसच्याए 'जे पनि गर्नसक्ने' भन्दै धम्क्याएको महासंघमा जानकारी प्राप्त भएको छ ।

२०७९ असार २७ गते प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिने क्रममा पत्रकारलाई लक्षित गर्दै धम्कीपूर्ण अभिव्यक्ति दिएका थिए । महासंघ मोरङ शाखाका अनुसार विराटनगर महानगरपालिका–१२ स्थित सुकुम्वासी बस्ती निर्माणका लागि प्रदेश

सरकारबाट आएको बजेटका सन्दर्भमा विभिन्न सञ्चारमाध्यममा प्रकाशित भएका समाचारहरूलाई लिएर असार २७ गते सोमबार दिएको अन्तरवार्तामा मन्त्री कार्कीले 'समाचार लेख्ने पत्रकारले बलात्कार गऱ्यो भनेर समाचार आए उसले खण्डन गर्न सक्छ ?' भन्ने जस्ता धम्कीपूर्ण भाषा प्रयोग गर्दै पत्रकारलाई प्रेशाप्रति दुरूत्साहन गरेका थिए ।

२०७९ असार १९ गते ललितपुरको कुपण्डोलस्थित आर्थिक दैनिकको कार्यालयमा राति ९:०० बजेतिर मादकपदार्थ सेवन गरेका र आफूलाई नेपाल प्रहरीका डीएसपी रतन खड्काको दाइ बताउने महेश खड्का भन्ने व्यक्ति प्रवेश गरी बिनाकारण त्यहाँ कार्यरत पत्रकार तथा कर्मचारीमाथि होहल्ला गर्दै दुर्व्यवहार गर्नुका साथै कार्यालयमा रहेका कम्प्यूटर लगायतका सामग्री तोडफोडको प्रयास गर्दै अवरोध गरेका थिए ।

२०७९ असार १ गते समाचार संकलनका लागि टेकुस्थित वातावरण विभाग पुगेका हिमालय टेलिभिजनमा कार्यरत पत्रकार प्रिन्स मिश्र र क्यामेरापर्सन अभीष्ट लामालाई काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले दुर्व्यवहार गरेका छन् । महानगरपालिकाले डम्पिङसाइटबाट सञ्चालन गर्ने ग्याँसप्लान्ट र फोहरको अवस्थाबारे समाचार संकलनका लागि दिउँसो १:०० बजे त्यहाँ पुगेका पत्रकारद्वयलाई एक्कासी विभाग आइपुगेका प्रमुख साहले हिमालय टेलिभिजनको बुम र क्यामेरा देख्नेबित्तिकै दुर्व्यवहार गर्दै खिचिएका सामग्रीसमेत मेटाउन लगाएका थिए ।

२०७९ जेठ १९ गते नेपाल पत्रकार महासंघ पर्वत शाखाका कार्यसमिति सदस्य लक्ष्मणकुमार सुनारलाई पर्वतको महाशीला गाउँपालिकाका तत्कालीन वडा नं ६ का अध्यक्ष रामबहादुर सुनारले उक्त गाउँपालिकाअन्तर्गत वितरण भएको सामाजिक सुरक्षा भत्ताका विषयमा एभिन्यूज टेलिभिजनमा प्रसारण भएको सामग्रीलाई लिएर गालीगलौज र धम्की दिएका थिए । उनले पत्रकार सुनारलाई गालीगलौज र धम्की दिनुका साथै मानसिक तथा सामाजिकरूपमा तनाव दिने काम जारी राखेको महासंघ पर्वत शाखाले जनाएको छ ।

२०७९ जेठ १९ गते नेपाल पत्रकार महासंघ दैलेखका सदस्य तथा धमाका दैनिक दैलेखका सहसम्पादक उदयराज अधिकारीलाई सूचना माग्ने क्रममा पूर्वाधार विकास कार्यालय दैलेखका कार्यालय प्रमुख प्रभाकर सिंहले दुर्व्यवहार गरेको थिए । दुई महिनाअघि नै लिखित निवेदन दिएर सूचना लिन बोलाए( पछि उक्त कार्यालय पुगेका पत्रकार अधिकारीलाई निज कार्यालय प्रमुख सिंहले दुर्व्यवहार गर्दै धम्क्याएका थिए ।

मिति २०७९ पुस २९ गते हरेकन्युज डटकम अनलाइनमा कार्यरत पत्रकार कृष्ण कट्टेलमाथि समाचार संकलनका क्रममा हातपातको प्रयास गरि एको थियो । पुस २९ गते शुक्रबार दिउँसो नयाँ बानेश्वर चोकमा काठमाडौं महानगरपालिकाले अनधिकृत संरचना हटाँदै गरेको समाचार संकलनका लागि पुगेका पत्रकार कट्टेलसहितका ६ जना सञ्चारकर्मीमाथि व्यापारीहरूले दुर्व्यवहार गरेका थिए । सो

क्रममा एक मोबाइल पसल सञ्चालकले पत्रकार कट्टेललाई कुटपिटसमेत गरेको पीडित पत्रकारले महासंघलाई जानकारी गराएका छन् ।

## आक्रमण

२०८० बैशाख ७ गते रातोसूर्य डटकम अनलाइनमा प्रकाशित सार्वजनिक जग्गा हडपेको सम्बन्धी समाचारलाई लिएर उक्त अनलाइनका अध्यक्ष तथा प्रबन्ध निर्देशक एवम् नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य आशीष गुरागाईमाथि आक्रमण भएको छ । उक्त दिन बेलुकी ६ बजे बुढानीलकण्ठ १० स्थित फ्रेण्डसिप क्लबनजिकै चिया पिउँदै गरेको अवस्थामा समाचार किन प्रकाशन गरिस् भन्दै सोही वडामा बस्ने रामकुमार पोखरेलसहित ५, ६ जनाको समूहले पत्रकार गुरागाईंमाथि आक्रमण गरेको काठमाडौं शाखाले जनाएको छ ।

२०७९ फागुन २७ गते रेडियो धनगढी तथा धनगढीखबर डटकमका सम्वाददाता शेरबहादुर ऐरलाई अज्ञात समूहले आक्रमण गरी घाइते बनाएको थियो । महासंघ कैलाली शाखाका अनुसार फागुन २७ गते शनिबार धनगढी उपमहानगरपालिका-२ स्थित रूवस होटलमा भएको कार्यक्रममा सहभागी भएर बाहिर निस्किने क्रममा राति १०:०० बजेतिर होटल प्रांगणमै पत्रकार ऐरमाथि आक्रमण भएको थियो ।

२०७९ फागुन २४ गते नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका कार्यसमिति सदस्य तथा एपिवान टेलिभिजनका सम्वाददाता नवीन चौधरीलाई अज्ञात समूहले आक्रमण गरी घाइते बनाएको थियो । महासंघ महोत्तरी शाखाका अनुसार फागुन २४ गते बुधबार महोत्तरीको जलेश्वर नगरपालिका-५ स्थित चौरिया गाउँमा मदिरासेवन गरेका उक्त समूहले पत्रकार चौधरीलाई नियन्त्रणमा लिएर निर्घात कुटपिट गर्नुका साथै सिसाको बोत्तलले टाउकोमा प्रहार गरेका थिए । आक्रमणबाट पत्रकार चौधरीको टाउको र शरीरका विभिन्न भागमा चोट लागेको थियो ।

२०७९ फागुन ८ गते नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका सदस्य पदमराज बोहरामाथि फागुन ८ गते साँझ ६:३० बजेको समयमा महेन्द्रनगरस्थि आफ्नो घरनजकिै बसिरहेको अवस्थामा स्थानीय उमेश कुवँर लगायतका व्यक्तिहरूले घाइते बनाएका थिए । पत्रकार बोहरामाथि ढुंगा तथा बियरको बोत्तल प्रहार गरी घाइते बनाइएको महासंघ कञ्चनपुर शाखाले जनाएको छ । आक्रमणबाट पत्रकार बोहराको टाउको लगायतमा घाउ तथा चोटपटक लागेको शाखाले जनाएको छ ।

२०७९ मंसिर १८ गते नेपाल पत्रकार महासंघ मकवानपुर शाखा सदस्यद्वय रामकुमार एलन र रमेश बञ्जरामाथि समाचारको विषयलाई लिएर आइतवार मकवानपुरस्थित पल्पसा सदनमा आक्रमण भएको थियो । सञ्चारमाध्यम तथा विभिन्न सामाजिक सञ्जालमार्फत नेताविरूद्ध समाचार लेखेको आरोप लगाउँदै नेपाली कांग्रेसका नेता तथा प्रदेश सांसद इन्द्र बानियाँको समर्थक बताउने राजेश

भेट्वालसहितका २०/२२ जनाको समूहले पत्रकारद्वयमाथि आक्रमण गरेको थियो ।

२०७९ साउन ३१ गते नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य तथा कालिका दैनिक अनलाइनका सम्पादक शिशिर सिंखडामाथि समाचारको विषयलाई लिएर कुटपिटको भएको थियो । महासंघ चितवन शाखाका अनुसार कालिका नगरपालिकाका निवर्तमान मेयर खुमनारायण श्रेष्ठ गोपी र उनका पिए दीपक लामिछानेको विषयमा प्रकाशित भएको समाचार सामग्रीलाई कालिका दैनिक अनलाइनले साउन ३१ गते मंगलबार साभार गरेको विषयमा निज पिए दीपक लामिछानेलगायतका व्यक्तिहरूले पत्रकार सिंखडामाथि कुटपिट गरेका थिए ।

२०७९ असार ३१ गते नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य कृष्ण आचार्यमाथि समाचार संकलनका क्रममा विद्युत प्राधिकरण भरतपुर चितवन केन्द्रका कर्मचारीहरूले आक्रमण गरेका थिए । महासंघ चितवन शाखाका अनुसार असार ३१ गते शुक्रबार प्राधिकरणको उक्त कार्यालयमा भोज चलिरहेको सूचनाको आधारमा समाचार संकलनका लागि त्यहाँ पुगेका पत्रकार आचार्यलाई फोटो खिचेर फर्किने क्रममा मदिरासेवन गरी होहल्ला गरिरहेका कर्मचारीहरूले कार्यालयको मूलगेट बन्द गरेर लछारपछार गर्दै हातापात गर्नुका साथै मोबाइलसमेत खोसेका थिए ।

२०७९ जेठ १९ गते बझाङस्थित रेडियो जयपृथ्वी एफएम ९६.३ मेघाहर्जमा कार्यरत पत्रकार कर्ण धामीलाई सुर्मा गाउँपालिका-४ का खडक बोहराले स्टुडियोभित्रै पसेर कुटपिट गरी धम्की दिएका थिए । राति ९:०० बजेतिर मदिरासेवन गरेर स्टुडियो पसेका बोहराले एक आफन्तको श्रद्धाञ्जली प्रसारण गराउने क्रममा मृतकको नाम नै नभएको सन्देश प्रसारण गर्न दबाब दिएपछि विवाद हुँदा पत्रकार धामीमाथि कुटपिट गरेका थिए ।

२०७९ बैशाख २४ गते नेपाल पत्रकार महासंघ डडेलधुरा शाखाको कार्यालय भवनमा अज्ञात समूहले तोडफोड गरेको छ । डडेलधुरा शाखाका अनुसार ताला लगाइरहेको उक्त भवनको ताला तोडेर अज्ञात समूहले शाखाले निर्माण गरेको आइसोलेसन सेन्टरमा रहेको दराज तोडफोड गर्नुका साथै सभाकक्ष, स्टोरलगायतमा क्षति पुर्‍याउने काम गरेको थियो ।

२०७९ बैशाख ३० गते स्थानीय तह निर्वाचनको समाचार संकलनका क्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका कोषाध्यक्ष राजेन्द्र न्यौपानेलाई कुटपिट गरिएको थियो । महासंघ गण्डकी प्रदेश समितिका अनुसार गोरखा जिल्लाको शहीद लखन गाउँपालिका १ स्थित बागेश्वरी माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा शुक्रबार दिउँसो ४:३० बजे समाचार संकलनका लागि पुगेका न्यौपानेलाई सोही गाउँपालिका १ का वडाध्यक्ष दीपकबहादुर केसी र उनका समर्थकले मतदानस्थलको फोटो खिचेको निहुँमा निर्घात कुटपिट गरी घाइते बनाएका थिए । घाइते पत्रकार न्यौपानेको गोरखा जिल्ला अस्पतालमा उपचार गरिएको थियो ।

२०७९ जेठ ७ गते नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा सदस्य र

पश्चिम सन्देश दैनिक पत्रिकामा सहसम्पादकका रूपमा कार्यरत पत्रकार पप्पु गुरूङलाई अज्ञात समुहले आक्रमण गरी घाइते बनाएको थियो । सामाजिक सञ्जालमा लेखेको विषयलाई लिएर उक्त समूहले आक्रमण गरेको जनाइएको छ । आक्रमणबाट पत्रकार गुरूङको टाउकोमा चोट लागी २ टाँका लगाइएको थियो । उक्त घटनामा संलग्नलाई कारबाही गर्न पत्रकार गुरूङले प्रहरीमा किटानी जाहेरी दिएका थिए ।

## प्रसारण, प्रकाशन र संकलनमा अवरोध

२०७९ बैशाख २३ गते अनलाइनखबर डटकममा स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुख पदका स्वतन्त्र उम्मेदवार बालेन साहको सन्दर्भमा 'भाइरल उम्मेदवार र राष्ट्रिय झण्डाको अपमान' शीर्षकमा प्रकाशित सामग्रीको विषयलाई लिएर एक समूहको सक्रियतामा उक्त अनलाइनप्रति संगठित रूपमा नकारात्मक टिकाटिप्पणी गर्दै उक्त अनलाइनको सामाजिक सञ्जालमा अनलाइक र अनफलो गर्ने र नकारात्मक टिकाटिपणी गरेका थिए ।

२०७९ असार ८ गते हिमालयन रि–इन्स्योरेन्स लि.ले आयोजना गरेको 'हिमालयन रि–इन्स्योरेन्स रेन्डेभोस २०२२' कार्यक्रममा प्रेसलाई निषेध गरिएको थियो । सार्वजनिक पदधारण गरेका उच्च पदस्थ व्यक्तिहरु सहभागी सार्वजनिक कार्यक्रममा समाचार संकलनका लागि पुगेका १० भन्दा बढी पत्रकारलाई कार्यक्रमस्थलमा प्रवेश रोक लगाउनुका साथै कार्यक्रमस्थल प्रवेश गरिसकेका पत्रकारलाई आयोजक पक्षबाट बाहिर निकालिएको थियो ।

२०७९ साउन २५ गते ओसिएन ड्रिङ्किङ वाटर इन्डस्ट्रीजको काठमाडौंस्थित कागेश्वरी मनोहरा नगरपालिका ७ मा रहेको उद्योगमा समाचार संकलनका लागि दिउँसो २:०० बजेतिर पुगेका स्पेस फोके टेलिभिजनमा कार्यरत पत्रकार नरेन्द्र महतारा र सुरेन्द्र राउतलाई समाचार संकलनमा रोक लगाइएको थियो । नेपाल बोटल वाटर उद्योग संघका केन्द्रीय अध्यक्ष ध्रुव गौतमसहित आएको एक समूहले उद्योग परिसरबाट जबर्जस्ती बाहिर निकाल्नुका साथै हातपातसमेत गरेको महासंघमा जानकारी प्राप्त भएको थियो । उक्त कम्पनीले बजारमा पठाएको प्रशोधित जारको पानीमा किरा भेटिएपछि सो सम्बन्धमा समाचार संकलनका लागि पुगेका पत्रकारद्वयलाई समाचार संकलनमा रोक लगाई हातपातसमेत गरेको थियो ।

२०७९ भदौं २६ गते समाचारको विषयलाई लिएर एभिन्यूज टेलिभिजनको महाराजगञ्जस्थित कार्यालयमा ५/६ जनाको समूहमा आएका व्यक्तिहरूले प्रसारणमा अवरोध गर्नुका साथै पत्रकारमाथि हातापात र दुर्व्यवहार गरेका थिए ।

२०७९ मंसिर २० गते महासंघलाई प्राप्त जानकारीअनुसार ललितपुरको कुसुन्तीस्थित 'अनन्त सेवा नेपाल' बालगृहका सञ्चालक उदयराज भाट (आफूलाई उदयराज भट्ट भनी चिनाउने) व्यक्तिले त्यहाँ बस्ने बालिकामाथि

यौनशोषण गरेको सूचनाको आधारमा उक्त विषयमा समाचार संकलन गरी आइतबार राति ९:०० देखि १०:०० बजेसम्म प्रसारण गर्ने तयारी भएको थियो । तर कार्यक्रम प्रसारण हुनुअगावै व्यक्तिहरूले आइतबार राति ८:०० बजेतिर टेलिभिजनको गेटमा आई कार्यक्रम प्रसारण नगर्न दवाव दिएका थिए । उनीहरूले ढुंगा हान्नुका साथै पत्रकार राजु भण्डारी, कमल जीसीलगायतलाई हातपात र दुर्व्यवहार गर्दै कार्यक्रमका सञ्चालक सुशील पाण्डेको मोबाइलसमेत खोस्नुका साथै समाचार प्रसारणमा अवरोध गरेका थिए ।

२०७९ मंसिर १७ गते महासंघलाई प्राप्त जानकारीअनुसार मंसिर १७ गते पाथसिड नेपाल प्रालिद्वारा सञ्चालित उकेरा डटकमको सिएमएसमा प्रवेश गरी अज्ञात व्यक्तिद्वारा प्रकाशित सामग्री हटाइएको छ । उक्त प्रालिका अनुसार उपराष्ट्रपति नन्दकिशोर पुनका पुत्र दीपेश पुनको सहकारीसम्बन्धी समाचार, राष्ट्रिय स्वतन्त्र पार्टी नेपालका अध्यक्ष रवि लामिछानेको नागरिकतासम्बन्धी केही समाचार र सुकुम्बासीसम्बन्धी समाचार हटाई अन्य असम्बन्धित समाचार पोष्ट गरिएको थियो ।

२०७९ मंसिर २७ गते न्यूज २४ टेलिभिजनको सुदूरपश्चिम ब्यूरो कैलाली कार्यालयमा कार्यरत पत्रकार खेम ढुंगानाको सञ्चारसामग्री नियन्त्रणमा लिई लम्कीचुहा नगरपालिकाका प्रमुख सुशीला शाहीले खिचेका भिडियो मेटाएकी थिइन् । प्रमुख शाहीले सरकारी स्रोतसाधनको दुरूपयोग गरिरहेको सूचनाका आधारमा त्यसको भिडियो बनाएका पत्रकार ढुंगानालाई होटलमा बन्धक बनाई सञ्चारसाधन कब्जामा लिएर खिचेको भिडियो मेटाएको महासंघ कैलाली शाखाले जनाएको छ ।

## विस्थापन

२०७९ भदौं २ गते न्यूज अभियान डटकम अनलाइनका सम्पादक छाँयाचन्द्र भण्डारी समाचार लेखेकै कारण परिवारसमेतको सम्पर्कमा नरहने गरी लुकीछिपी बस्नुपरेको जानकारी उहाँ आवद्ध पत्रकार महासंघको काठमाडौं शाखाले जानकारी गराएको छ । काठमाडौं शाखाका अनुसार पत्रकाशित समाचारको विषयलाई २०७९ भदौं २ गते न्यूज अभियान डटकम अनलाइनका सम्पादक छाँयाचन्द्र भण्डारीमाथि उक्त घटना भएको जनाइएको छ । सम्पादक भण्डारीलाई समाचार लेखेकै कारण नेपाल प्रहरीको दरबारमार्ग वृत्तका अधिकारीले गोलीसम्म हान्ने धम्की दिएको बताइएको छ ।

## लैंगिक हिंसा

२०८० बैशाख ७ गते झापा जिल्लामा रहेको सूर्योदय टेलिभिजनमा कार्यरत पत्रकार महिलामाथि उक्त टेलिभिजनका सम्पादक उमाकान्त खनालले विभिन्न अभिव्यक्तिसहित कार्यालयमा कामका सिलसिलामा यौन दुर्व्यवहार गरेको भन्दै पीडित पत्रकारले न्यायका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा

निवेदन दिनुभएको छ । उहाँले सोही घटनाका कारण आफू पेशाबाट विस्थापित हुनुपरेको समेत जानकारी गराउनुभएको छ ।

२०७९ जेठ १३ गते 'नेपाल आज' अनलाइनमा कार्यरत पत्रकार महिलालाई तीन वर्षदेखि 'नेपाल आज' अनलाइनका अध्यक्ष माधव गुरागाईँले यौन दुर्व्यवहार गरेका छन् भन्दै न्यायका लागि निवेदन प्राप्त भएको छ । मुद्दा अदालतमा विचाराधीन रहेकै समयमा पनि विभिन्न व्यक्ति तथा संस्थाको आवरणमा पीडित, उनका आफन्त, साथी तथा सहकर्मीलाई धम्की समेत दिएको जनाइएको छ ।

## पेशागत असुरक्षा

- ग्यालेक्सी फोके टिभी सिञ्धुपाल्चोक सम्वाददाता विजया नेपाल सेवाबाट निकालिएको । २०७९ चैत ८ गते ।
- पिताम्बर घिमिरे, स्टेशन म्यानेजर हर्टविट एफएम, कपिलबस्तु रोजगारीबाट निकालिएको । २०७९ फागुन १२।
- माधवप्रसाद बराल, अन्नपूर्ण एफएम प्रा.लि कास्कीमा कार्यरत, राजीनामा दिन बाध्य पारिएको । उपदान लगायतको सेवासुविधा नदिइएको । २०७९ मंसिर २८ ।
- २०७९ असोज महिनाबाट राससमा कार्यरत ८ जना महिला पत्रकारसहित अन्य १४ जना पत्रकार गरी जम्मा २२ जना ज्यालादारी पत्रकारलाई सेवाबाट निकालिएको ।
- विगत १५ बर्षदेखि कान्तिपुर मिडिया ग्रुप पर्सामा कार्यरत पत्रकार उपेन्द्र ठाकुरलाई सेवाबाट निकालिएको ।
- रेडियो सगरमाथा, ललितपुरमा कार्यरत पत्रकार दीपाञ्जली खड्काले नियमित सेवासुविधा नपाएकाले जिम्मेवारीबाट राजीनामा दिनुभएको । पाउनुपर्ने पारिश्रमिक अझै पनि नपाएको ।
- माउण्टेन टेलिभिजनका विगत ८ बर्षदेखि कार्यरत अजय पञ्जियारले नियमित सेवासुविधाबाट बञ्चित भई जिम्मेवारीबाट राजिनामा दिनुभएको ।
- जनता रेडियो सिराहामा प्राविधिक पदमा रहेर काम गर्नुभएका नवराज भट्टराइले जिम्मेवारीमा छँदाको नियमित सेवासुविधाबाट बञ्चित हुनुपरेको ।

# प्रेस स्वतन्त्रता र श्रम अधिकार महासंघको प्राथमिकता



रमेश विष्ट



प्रतिनिधिसभाको अघिल्लो कार्यकाल नेपाली आमसञ्चारको क्षेत्रलाई खासै उपलब्धिपूर्ण हुन सकेन । खासगरी सञ्चार नीति र कानुन निर्माण गर्ने सवालमा अघिल्लो पाँच वर्ष बहस र छलफल चलेपनि परिणाममुखी हुन नसकेपछि वर्तमान संसदबाट सञ्चारसम्बन्धी नीति र कानुन निर्माण गर्ने प्रक्रिया प्रारम्भ भएको छ ।

राज्यको पुनर्संरचनासँगै सञ्चार क्षेत्रको पुनर्संरचना हुनुपर्ने बहस चल्दै आएको छ । पुराना कानुनको विस्थापन र नयाँ कानुनको निर्माणबाट मात्रै सञ्चार क्षेत्रको पुनर्संरचना सम्भव छ । प्रेस काउन्सिललाई विस्थापित गरी मिडिया काउन्सिल गठन गर्ने र छाता ऐनका रूपमा आमसञ्चार ऐन जारी गर्ने बहस यतिबेला नीति निर्माणको तहमा भइरहेको छ । यी दुई कानुनले नेपाली सञ्चार जगतको पुनर्संरचना निर्धारण गर्नेछ । पुराना कानुनमा छापा, टेलिभिजन र रेडियोलाई समेटिएको हुनाले त्यसको परिमार्जनसहित डिजिटल मिडियालाई सम्बोधन गर्दै सुव्यवस्थित कानुन निर्माण अहिलेको आवश्यकता हो । कानुन निर्माणमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितासँगैं मर्यादित र व्यवसायिक पत्रकारिताको विषयलाई समेट्ने विषयमा गहन छलफल जारी छ । विशेषगरी सञ्चारमाध्यमको जिम्मेवारी र उत्तरदायित्वलाई ऐनमै स्पष्ट पारेर अघि बढ्नुपर्ने आवश्यकता छ । सञ्चार क्षेत्रमाथि समाज र सञ्चारको उपभोक्ताले उठाउने गरेका प्रश्नहरूलाई सम्बोधन गर्न आवश्यक संरचना र व्यवस्थासहितको कानुन निर्माणमा सबै पक्षको जोड छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई पहिलो शर्त मान्दै सकारात्मक नियमनको पाटोलाई कानुनमा नै व्यवस्था गर्न आवश्यक छ । जसका लागि कतिपय संरचना र तिनको जिम्मेवारी स्पष्ट पार्नुपर्ने सरोकारवाला पक्षको जोड छ । सरकारले सञ्चार नीति र कानुनलाई उच्च प्राथमिकतामा राखेर उच्चस्तरीय संयन्त्र निर्माण गरी सरोकारवालासँग गम्भीर छलफल अघि बढाएको छ । संसदबाट कानुन निर्माणको प्रारम्भिक चरणलाई सकारात्मकरूपमा लिन सकिन्छ । नीति र कानुनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै अघि बढ्न नेपाल पत्रकार महासंघले महत्वपूर्ण पहल अघि बढाएको छ । कानुन निर्माणमा नै स्वतन्त्रतासँगै पेशागत तथा भौतिक

सुरक्षाको विषयलाई पनि महासंघले उच्च प्राथमिकतामा राखेको छ ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था

नेपालमा अहिले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था चुनौतीपूर्ण नै देखिन्छ । महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाईको तथ्याङ्कलाई हेर्ने हो भने अहिले पनि सन्तोषजनक अवस्था छैन् । दलहरूले चुनावी घोषणापत्र र आफ्ना दस्तावेजहरूमा संबैधानिक व्यवस्थाअनुसार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिवद्धता जनाए पनि व्यवहारमा लागु हुनसकेको छैन । आफूअनुकूल हुन नसक्दा प्रेसप्रति आक्रामक हुने प्रवृत्ति विद्यमान छ । जसले गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता चुनौतीपूर्ण बन्न पुगेको छ ।

राज्यपक्षबाट पनि प्रेसलाई संकुचन हुने क्रियाकलाप जारी छ । सूचनामाथि सहज पहुँच नहुनु, प्रेसमैत्री व्यवहार नगर्नु, अर्कै उद्देश्यबाट निर्माण गरिएको कानुन प्रयोग गरेर पत्रकारमाथि मुद्दा चलाइनु जस्ता कार्यले राज्य प्रेसप्रति उदार छैन भन्ने देखाउँछ । यसले राज्यपक्ष प्रेसप्रति दोहोरो मापदण्ड प्रयोग गर्छ भन्ने स्पष्ट हुन्छ ।

## प्रेस स्वतन्त्रता र श्रम अधिकार

नेपाली सञ्चार क्षेत्रले भोगिरहेको अर्को समस्या श्रम अधिकारबाट बञ्चित हुनु हो । अहिले पनि कैयौं न्युनतम पारिश्रमिक प्राप्तिकै संघर्षमा छन् । श्रम अनुसारको सेवासुविधा प्राप्त गर्न नसक्दा पत्रकारको श्रम अधिकार त हनन् भएकै छ, त्योसगैं श्रम अधिकार नपाउँदा पत्रकारले निर्बाधढंगबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने अधिकारबाट समेत बञ्चित हुनु परेको छ । श्रम अधिकार नपाउँदा पत्रकारितामा स्वनियन्त्रणको अवस्था समेत देखिने गरेको छ ।

आखिर नेपाली पत्रकारले आफ्ना हकअधिकारहरू किन प्राप्त गर्न सकेका छैनन् त ? यसको जवाफ सरल र सटिक ढंगबाट दिन कठिन छ । नेपालको पत्रकारिता यस्तो जेलिएको अवस्थामा छ कि जुन कोणबाट हेरे पनि समस्याग्रस्त देखिन थालेको छ । चौतर्फी समस्याले नेपाली सञ्चार क्षेत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा सुधार भएपनि श्रम अधिकारको क्षेत्रमा भने गम्भीर समस्या देखिँदै आएको छ ।

नेपाल पत्रकार महासंघसहित सञ्चार क्षेत्रसँग सम्बन्धित संघसंगठनका भेला र अधिवेशनहरूमा पत्रकारको श्रम अधिकारको विषय प्रधान बनेर उठ्न थालेको लामो समय बितिसक्दा पनि सन्तोषजनक नतिजा भने आउन सकेको छैन । चलनचल्तीमा श्रमजीवी भनिएपनि पत्रकारहरू मुलतः बौद्धिक श्रमिक हुन् । समाजको हरेक पक्षसँग गहिरो सम्बन्ध रहने पत्रकारिता क्षेत्र आफै भने श्रम अधिकारको विकराल समस्या झेल्दै अघि बढ्नुपर्ने बाध्यता विडम्बनापूर्ण छ ।

## श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नै मुख्य चुनौती

नेपाली पत्रकारिताको इतिहास लामो भएपनि वि.सं. २०५१ सालमा पहिलो पटक श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ आयो । वि.सं. २०५३ सालमा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली जारी भएपनि यो ऐनको कार्यान्वयन वि.सं. २०६५ जेठ १५ गतेदेखि भएको हो । करीब १४ वर्षको अभ्यासलाई हेर्ने हो भने पत्रकारितालाई एउटा

पेशाको रूपमा ऐनले स्वीकार गरेपनि यसको प्रमुख बुँदाहरू नै कार्यान्वयन हुनसकेका छैनन् । सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको स्पष्ट ब्याख्या गर्दै उनीहरूको श्रम अधिकार सुनिश्चित गर्न ल्याइएको यो ऐनको व्यवहारिक कार्यान्वयन नहुनु नै नेपाली सञ्चार क्षेत्रको प्रधान समस्या हो ।

श्रमजीवी पत्रकार ऐनले पत्रकारहरूलाई नियुक्तिपत्र नदिई काममा लगाउन नपाउने भन्ने व्यवस्था गरेको छ । तर, अहिले पनि नियुक्तिपत्र नपाउने, प्रेस पास तथा अन्य प्रयोजनका लागि मात्रै कागजी नियुक्तिपत्र दिने प्रचलन व्याप्त छ । पत्रकार वा कर्मचारी नियुक्ति गर्दा प्रतिष्पर्धाका आधारमा गर्नुपर्ने र उनीहरूको पदको वर्गीकरण गर्नुपर्ने व्यवस्था पनि ऐनले गरेको छ । तर अधिकांश सञ्चार प्रतिष्ठानले ऐनको यो व्यवस्थालाई कार्यान्वयन गरेका छैनन् । विशेषज्ञ सेवा आवश्यक भएमा निश्चित अवधिका लागि १५ प्रतिशतभन्दा बढी करार सेवामा राख्न नपाउने व्यवस्थाको पनि धज्जी उडाइएको छ । अस्थायी, करार र स्ट्रिन्जरको नाममा ऐन विपरीतको नियुक्ति दिने समस्या विकराल बनेको छ । नियुक्तिको जानकारी प्रेस रजिष्ट्रारलाई गराउने व्यवस्थाको समेत पालना भएको पाइँदैन ।

ऐनले पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्नका लागि उच्चस्तरको एउटा समितिको परिकल्पना गरेको छ । स्थायी संरचनाको रूपमा रहेको समितिले तोकेको न्यूनतम पारिश्रमिकको कार्यान्वयन दयनीय छ । न्यूनतम पारिश्रमिककै अवस्था यस्तो भएपछि ऐनले व्यवस्था गरेका भत्ता, बार्षिक तलव बृद्धि, उपचार तथा क्षतिपूर्ति, उपदान, सञ्चय कोष र अन्य सुविधाको कार्यान्वयन अवस्था झनै दयनीय छ । ऐनले सञ्चार प्रतिष्ठानहरूमा कल्याणकारी कोषको समेत परिकल्पना गरेको छ । तर आजसम्म कुनै सञ्चार प्रतिष्ठानले ऐनबमोजिमको कल्याणकारी कोषको स्थापना गरेको देखिँदैन ।

## अस्तव्यस्त सञ्चार प्रतिष्ठान

नेपालको सञ्चार क्षेत्र राजनीतिक स्वतन्त्रताको लडाइँसँगै अघि बढेको देखिन्छ । २०४६ सालभन्दा अघि र त्यसपछिका केही वर्षहरू मिशन पत्रकारिताको कालखण्ड हुन् । त्यतिबेला पत्रकारिता पनि पेशा हुनसक्छ भन्ने मान्यता स्थापित भइसकेको थिएन । विशेषगरी निरंकुश पञ्चायती व्यवस्थाको विरोधी र पञ्चायत पक्षधरमा विभक्त पत्रकारिता नै अहिलेको पत्रकारिताको जग हो । २०४६ को परिवर्तनपछि नेपाली सञ्चार क्षेत्रमा संख्यात्मक, गुणात्मक र व्यवसायिकताको विकास भयो । डिजिटल युगमा प्रवेश गरेपछि न्यु मिडियाको क्षेत्रमा पनि उल्लेख्य विकास र बृद्धि भयो ।

सञ्चारमाध्यमको बृद्धि हुने क्रमसँगै सञ्चार क्षेत्रको व्यवसायिकता र श्रम अधिकारको क्षेत्रमा नयाँ नयाँ चुनौती थपिदै गएको छ । पूँजी र बजारको सुनिश्चितताबिना नै सञ्चारमाध्यमहरू खुल्ने क्रम निरन्तर छ । करीब ८०० छापा, सोही संख्यामा एफएम रेडियो, करीब ३०० टेलिभिजन र ५००० भन्दा बढी अनलाइन न्युज पोर्टल सञ्चालनमा छन् । यो संख्या नेपालको विज्ञापनको बजार र सञ्चार क्षेत्रको उपभोक्ताको संख्याको आधारमा पनि धेरै हो । यस्तो अवस्थामा श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, पत्रकारको श्रम अधिकार, पत्रकारितामा व्यवसायिकता र आचारसंहिता पालनाको दृष्टिले पनि निकै गम्भीर र चुनौतीपूर्ण हुनु स्वभाविक छ ।

## कामचलाउ प्रेस रजिष्ट्रार र कमजोर अनुगमन

श्रमजीवी पत्रकार ऐनले पत्रकारका श्रम समस्यासँग सम्बन्धित कतिपय अधिकार प्रेस रजिष्ट्रारलाई दिएको छ । ऐनले परिकल्पना गरेअनुसारको प्रेस रजिष्ट्रार अहिलेसम्म नियुक्त हुनसकेको छैन । सूचना तथा प्रसारण विभागका महानिर्देशकलाई नै प्रेस रजिष्ट्रार तोकिएको छ । यसो गर्दा प्रेस रजिष्ट्रारको काम प्रभावकारी हुन सकिरहेको छैन । अहिलेको व्यवस्था एक प्रकारले काम चलाउमात्रै हो ।

पत्रकारको श्रम समस्याबारे दुईतर्फी छलफल गराउने र कानुनी तथा अदालती निरूपणका लागि प्रेस रजिष्ट्रारको भूमिका महत्वपूर्ण हुने हुँदा अहिलेको व्यवस्थाले सन्तोषजनक कार्य सम्पादन हुनसकेको छैन । सर्वोच्च अदालतले समेत छुट्टै प्रेस रजिष्ट्रार नियुक्त गर्न सरकारको नाममा आदेश दिएको छ ।

पत्रकारले आफूलाई परेको श्रम अधिकार सम्बन्धी समस्या समाधान गर्न सबै भन्दा पहिला प्रेस रजिष्ट्रारमा निवेदन दिनुपर्ने हुन्छ । त्यहाँ छलफलको माध्यमबाट समस्या हल नभएमा प्रेस रजिष्ट्रारको पत्रको आधारमा श्रम विभाग र श्रम अदालतमा कानुनी उपचारमा जानुपर्ने हुँदा प्रेस रजिष्ट्रारको भूमिका महत्वपूर्ण हुन जान्छ ।

मुलुक संघीय प्रणालीमा गएपछि पहिलोपटक बागमती प्रदेशले प्रेस रजिष्ट्रार नियुक्त गरेर काम अघि बढाए पनि श्रम अधिकारको विषयमा बागमती प्रदेश प्रेस रजिष्ट्रारले समेत प्राथमिकता दिएर श्रम समस्याको बारेमा काम गर्न सकेको छैन । बागमती प्रदेश प्रेस रजिष्ट्रारको अन्य क्रियाशीलता भने राम्रो देखिएको छ ।

सञ्चार प्रतिष्ठानहरूले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरे वा नगरेको बारेमा अनुगमन गर्ने जिम्मेवारी न्यूनतम पारिश्रमिक निर्धारण समितिको हो । नेपाल पत्रकार महासंघ, कामदार पक्ष, व्यवस्थापन पक्ष र सरकारको उच्च अधिकारीको प्रतिनिधित्वमा गठन भएको समितिले प्रभावकारी अनुगमन गर्न सकेको छैन । गरिएको अनुगमनका आधारमा तयार पारिएको प्रतिवेदन हेर्दा ऐन कार्यान्वयनको अवस्थालाई राम्रो मान्न सकिने अवस्था छैन ।

## न्याय सम्पादन र फैसला कार्यान्वयन

नेपालको आम अदालतमा जस्तै पत्रकारका श्रम समस्या निरूपण गर्ने श्रम विभाग र श्रम अदालतले समेत छिटोछरितो न्याय सम्पादन गर्न नसक्दा न्यायिक अधिकार प्राप्तिमा समस्याहरू देखिएका छन् । प्रेस रजिष्ट्रार, श्रम विभाग र श्रम अदालतसम्मको प्रक्रिया पूरा गर्दा समय बढी लाग्ने हुँदा पत्रकारले आफ्ना श्रम अधिकारसम्बन्धी न्याय प्राप्त गर्न समय लाग्ने अवस्था छ । यसले गर्दा पत्रकारहरू आफ्ना अधिकार प्राप्तिको लागि न्यायिक बाटो अबलम्बन गर्न उदासीन हुने प्रवृत्ति देखिएको छ ।

कानुनी बाटोबाट आफ्नो पेशागत तथा श्रम अधिकारको बाटो रोजेका पत्रकारहरू फैसला कार्यान्वयनमा देखिएका समस्याले गर्दा थप पीडित बन्नु परेको छ । अदालतको फैसलाबाट पुनर्बहाली भएका पत्रकारहरूले पुनः सोही सञ्चार प्रतिष्ठानमा काम गर्ने वातावरण समेत निर्माण हुनसकेको छैन । सेवासुविधा प्राप्तिमा भने अदालती फैसला केही हदसम्म कार्यान्वयन भएको देखिन्छ । अदालतको फैसलापछि पनि आपसी समझदारीमा मात्रै सेवासुविधा प्राप्तिको विषय टुङ्गिने गरेको छ ।

पत्रकारको श्रम अधिकारको रक्षाका लागि कानुनी लडाईं एउटा

महत्वपूर्ण विधि हो । तर यसलाई झन्झटिलो बनाइयो भने यसले उचित प्रतिफल दिन सक्दैन । फैसला कार्यान्वयनको दिशामा पनि सबै पक्ष सचेत र गम्भीर हुनुपर्ने देखिन्छ । कुनै पनि कानुन कार्यान्वयन गराउने पहिलो दायित्व सरकारको हुन्छ । तर श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गराउने विषयमा सरकार सधै उदासीन रहँदै आएको छ । ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यममाथि हुनुपर्ने कारवाहीको अवस्था समेत निकै फितलो र कमजोर छ । सरोकारवाला पक्षको निरन्तर दवाव र खबरदारीका बीच पनि ऐन कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन ।

ऐनमा भएका कमजोरी र त्यसलाई संशोधनका माध्यमबाट गरिनुपर्ने सुधारका बहस समेत गतिलोसँग हुनसकेको छैन । जसले गर्दा ऐनलाई समयसापेक्ष बनाउन समेत बाधा पुगिरहेको छ । सबैखाले सञ्चार प्रतिष्ठानलाई ऐनले समान व्यवस्था गरेकाले पनि ऐनको कार्यान्वयनमा समस्या देखिने गरेको छ । ऐन कार्यान्वयन एउटामात्र पक्षको चासो वा सक्रियताले सम्भव हुँदैन । सरकार, सञ्चार प्रतिष्ठान र सरोकारवाला निकायको सामूहिक इच्छाशक्तिले मात्र ऐनको प्रभावकारी कार्यान्वयन सम्भव छ । ऐनलाई समयसापेक्ष वा व्यवहारिक बनाउन पनि तीनै पक्षको इमान्दार सक्रियताले मात्र सम्भव हुन्छ ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा महासंघको भूमिका

पत्रकार महासंघको मूल उद्देश्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा हो । स्थापनाकालदेखि नै महासंघले प्रेस स्वतन्त्रताको पक्षमा लड्दै आएको छ । आज प्रेस स्वतन्त्रताको सवालमा जेजति उपलब्धि हासिल भएका छन्, त्यो महासंघकै निरन्तरको संघर्षको उपलब्धि हो । प्रेस स्वतन्त्रतासँगै पत्रकारको श्रम अधिकारको निरन्तर पैरवी गर्नु र उचित श्रम अधिकारको अभ्यास गर्नु महासंघको अर्को प्राथमिकता हो ।

श्रमजीवी पत्रकार ऐन नेपाल पत्रकार महासंघको निरन्तरको माग र दवावका कारण निर्माण भएको हो । त्यसैले यो ऐनसँग महासंघको विशेष आकर्षण र सम्बन्ध छ । यो ऐन कार्यान्वयन होस र पत्रकारले आफ्ना श्रम अधिकारसहित सबैखाले अधिकार उपभोग गरून् भन्ने चाहना महासंघको छ ।

पत्रकारले आफ्ना श्रम अधिकार प्राप्त गर्न सकून् भन्ने उद्देश्यले महासंघले विभिन्न कार्यक्रमहरूलाई अघि सारेको छ । सञ्चार प्रतिष्ठानहरूलाई दवाव, आन्दोलन र कानुनी उपचारको माध्यमबाट महासंघले नेपाली सञ्चार क्षेत्रमा उचित श्रम अधिकारको अभ्यास होस् भन्ने प्रयास गरिरहेको छ । पछिल्लो समय महासंघले पत्रकारको श्रम अधिकार प्राप्तिका लागि गरेका प्रयासहरूकै कारण उजुरी गर्ने र आफ्नो अधिकार खोज्ने प्रवृत्तिमा गुणात्मक र संख्यात्मक विकास भएको छ । महासंघका प्रयास सफलतामा समेत परिणत हुँदै गएका छन् ।

उजुरीहरूको नियमित सुनुवाई हुने, समस्याहरूको बारेमा सम्बन्धित सञ्चार प्रतिष्ठानहरूमा पत्राचार गर्ने, आवश्यक धर्ना तथा दवावका कार्यक्रमहरू सञ्चालन गर्ने, वार्ता तथा छलफलका माध्यमबाट समाधान निकाल्ने प्रयास गर्ने र कानुनी बाटोबाट समस्या समाधान गर्ने कार्य महासंघले निरन्तर गर्दै आएको छ । पत्रकारहरूलाई निःशुल्करूपमा कानुनी परामर्श र सहायता उपलब्ध गराउन कानुनी डेस्कमार्फत समेत काम हुँदै आएका छन् ।

दवाव र कानुनी डेस्कलाई थप प्रभावकारी बनाउँदै पत्रकारको श्रम

अधिकारको पक्षमा सशक्त ढंगबाट अघि बढ्ने महासंघको योजना समेत छ ।

सबै पक्षको साथ र सहयोग प्राप्त गर्दै नेपाली सञ्चार क्षेत्रमा उचित श्रम अभ्यास होस् र पत्रकारहरूका सबैखाले समस्या समाधान होस् भन्ने बाटोमा महासंघ सधै सशक्त ढंगबाट अघि बढ्न तत्पर समेत छ ।

**(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष र प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हितप्रवर्द्धन समितिका संयोजक हुनुहुन्छ ।)**

# पत्रकार महासंघ :
## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा सधैं अग्रमोर्चामा



रोसन पुरी




नेपाल पत्रकार महासंघ नेपाली पत्रकारको एकमात्र साझा संस्था हो । स्थापनाकालदेखि नै महासंघले पत्रकारको पेशागत हकहित र श्रमअधिकारको पक्षमा काम गर्दै आइरहेको छ । त्यससँगै महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, राष्ट्रिय हित र नागरिक अधिकारको रक्षा एवम् व्यवसायिक पत्रकारिताको विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । पत्रकार तथा सञ्चारमाध्यमको संख्यात्मक र गुणात्मक परिवर्तन, नयाँ प्रविधिको प्रयोग, पहुँच एवं सामाजिक, आर्थिक तथा राजनीतिकलगायत सबै क्षेत्रमा आधारभूतरूपमै परिवर्तनहरु देखा परेका छन् । समयसँगै महासंघले आफूलाई समयसापेक्ष र आवश्यकताका आधारमा पुनर्संरचना गर्दै गइरहेको छ ।

६८ वर्षको लामो इतिहास बोकेको नेपाल पत्रकार महासंघ नेपालका नागरिक अगुवा संस्थाहरूमध्ये सबैभन्दा पहिलो हो । वि.सं. २००८ सालमा श्रमजीवी पत्रकारहरूको हितरक्षार्थ सत्यनारायणबहादुर श्रेष्ठको सभापतित्वमा नेपाल पत्रकार संघ गठन गरिएको थियो । तर, उक्त संस्था निरन्तर सक्रिय नभएको तथा वैधानिकता पनि पूरा नगरेकाले कृष्णप्रसाद भट्टराईको सभापतित्वमा २०१२ सालमा नेपाल पत्रकार संघ स्थापना भएको थियो । पुनर्गठित नेपाल पत्रकार संघको निरन्तरतामा हालको नेपाल पत्रकार महासंघ क्रियाशील छ । वि.सं २०५३ असार ११ गतेदेखि नेपाल पत्रकार संघलाई महासंघको स्वरूपमा पुनर्संरचना गरिएको थियो ।

नेपाल पत्रकार महासंघको विधानअनुसार यो संस्थाको सबै तहको नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत साधारण सदस्यले चयन गर्न थालेका छन् । समावेशी र ट्रेड युनियन अधिकारप्राप्त यो संस्थामा २०७७ चैत २५ गते पहिलोपटक प्रत्यक्ष निर्वाचन प्रणाली अर्थात हरेक सदस्यले आफ्नो नेतृत्व छान्न पाउने अधिकार मार्फत पहिलोपटक नेतृत्व चयन भएको छ । महासंघले आफूलाई सबैभन्दा समावेशी संगठन पनि बनाएको छ । नेपालका विभिन्न जाति, भूगोल र समुदायको प्रतिनिधित्व महासंघमा देख्न सकिन्छ । नागरिक अधिकारको क्षेत्रमा सबैभन्दा पहिलो समावेशी चरित्रको संस्थाको रूपमा पनि महासंघ स्थापित छ ।

नेपाल पत्रकार महासंघले पत्रकारको हित, प्रेस स्वतन्त्रतामात्रै होइन, मुलुकमा

लोकतन्त्र, विधिको शासन र नागरिक अधिकारका लागि उठेका आवाजहरूमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आवाज लिएर नागरिक समाजको अगुवाको पहिचान बनाएको छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघलगायत सञ्चारसम्बद्ध विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाले महासंघलाई संसारकै बलियो र सक्रिय पत्रकारहरूको संस्थाका रूपमा चिनाउने गरेका छन् । नेपालमा भएका विभिन्न राजनीतिक व्यवस्था परिवर्तनको आन्दोलनमा पनि महासंघले आफूलाई अग्रणी संस्थाको रूपमा स्थापित गरेको छ ।

नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको तथ्याङ्कअनुसार वैदेशिक शाखाका सदस्यबाहेक १३ हजार १६ जना महासंघका सदस्य छन् । २०७७ सालमा भएको महासंघको निर्वाचनमा १३ हजार १ सय ७६ जनाले मताधिकारको प्रयोग गरेका थिए । कोभिड र अन्य कारणले ज्यान गुमाएका, महासंघको विधानको व्यवस्थाअनुसार सदस्यता गुमाएका र जनप्रतिनिधि बनेकाहरूलाई महासंघले सदस्यबाट हटाएकाले संख्या घटेको हो । अहिले महासंघका समग्र सदस्यमध्ये पत्रकार महिलाको संख्या २ हजार ३ सय ९२ रहेको छ । वैदेशिक शाखाका सदस्यको संख्या झण्डै ३ सय रहेको छ । ७७ जिल्ला शाखा, ३९ प्रतिष्ठान शाखा, १२ एसोसिएट संस्था महासंघका अभिन्न अंग हुन् । हामीसँग प्रादेशिक समिति ७ सहित उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेशगरी १० प्रदेश क्रियाशील छन् । महासंघको विधान तथा वैदेशिक शाखा सञ्चालन नियमावलीअनुसार विभिन्न १० वैदेशिक शाखा सक्रिय छन् । हामीसँग अमेरिकामा बसोबास गर्ने नेपाली पत्रकारको संगठन नेपाल अमेरिका पत्रकार संघ (नेजा) र अष्ट्रेलियामा बसोबास गर्ने नेपाली पत्रकारहरूको संगठन नेपाल अष्ट्रेलिया पत्रकार संघ (एन्जा) आवद्ध संस्थाको रूपमा रहेका छन् ।

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा महासंघ

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरूद्धका घटनामा कमी आए पनि उल्लेख्य सुधार हुन अझै पनि सकिरहेको छैन । अहिले पनि गिरफ्तारी, कब्जा, अवरोध, धम्की, दुर्व्यवहार, आक्रमण, पेशागत असुरक्षा, नीतिगत बन्देज र विस्थापनलगायतका घटनाक्रम जारी नै छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरूद्धका घटनाको विवरण यही प्रतिवेदनको सुरूवातमै हेर्न सक्नुहुनेछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनाविरूद्ध महासंघको वर्तमान कार्यसमितिले उल्लेख्य काम गरेको छ । प्रेस स्वतन्त्रताविरूद्धका घटनामा हामीले यो अवधिमा व्यक्तिको भौतिक सुरक्षालाई प्राथमिकतामा राखेर काम गरेका छौं । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरूद्ध देशैभर भएका घटनाको विवरण महासंघको वेबसाइट तथा सामाजिक सञ्जालमा पनि हेर्न सकिन्छ ।

पत्रकारको भौतिक सुरक्षालाई केन्द्रमा राखेर प्रेस स्वतन्त्रताविरूद्धका घटनामा महासंघले विभिन्न क्रियाकलाप पनि गरिरहेको छ । प्रेस स्वतन्त्रताविरोधी घटनामा घाइते पत्रकारको उपचार, पेशागत असुरक्षामा परेका पत्रकारका लागि पुनः पेशामै फर्किने वातावरण, पत्रकारमाथि कुटपिटमा संलग्नलाई कारवाहीको पहल र लैंगिक हिंसामा परेका पत्रकारलाई कानूनी सहायता उपलब्ध गराइएको छ । तर, अहिले पनि विभिन्न कानुनको नाममा वा अन्य बहानामा पत्रकारविरूद्ध भौतिक तथा पेशागत असुरक्षाको अवस्था कायम छ । यस्तो अवस्थाको दीर्घकालीन समाधानका लागि राष्ट्रिय मानवअधिकार आयोगसँगको संयन्त्रलाई थप प्रभावकारी बनाएर व्यवहारमा लैजान

अघिल्लो हप्ता प्रधानमन्त्रीलाई भेटेरै ध्यानाकर्षण गराइएको छ ।

प्रेस स्वतन्त्रता हनन्का घटनामा कमी नआउनुको मुख्य कारण दण्डहीनता हो । यसअघिका जेजति घटनामा संलग्नहरूलाई कानुनको दायरामा ल्याउन नसक्नु नै यसको मुख्य कारण भएको कुरा प्रष्ट छ । त्यसैले पत्रकार हत्यामा संलग्नहरूलाई कारबाही गर्नका लागि थप दवाव दिन आवश्यक छ । द्वन्द्वको समयमा मारिएका, बेपत्ता पारिएका र अपांग बनाइएका घटनामा संलग्नलाई तत्काल कानूनी दायरामा ल्याउनु पर्छ । महासंघले पटकपटक सरोकारवाला निकायलाई यस विषयमा दवाव दिंदै आएको छ । वरिष्ठ पत्रकार तथा साहित्यकार कृष्णसेन इच्छुकको हत्या भएको दिन अर्थात् जेठ १३ गते उहाँसहित दिवंगत सम्पूर्ण पत्रकारको सम्मानमा महासंघले हरेक वर्ष स्मृति कार्यक्रम गर्दै आइरहेको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनामा कमी ल्याउन र घटना भइहालेमा पत्रकारको भौतिक सुरक्षाका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई नै स्थापना गरेर काम गरेको छ । अहिले महासंघको इमेल र फोनमार्फत जानकारी दिन सक्ने व्यस्था गरिएकामा अब भने हटलाइनमार्फत घटना रेकर्ड गराउने तयारी गरिएको छ । यसले यस्ता घटना भइहालेमा तत्काल उद्धार र सुरक्षाका लागि काम गर्न सहज भइरहेको छ । प्रेस स्वतन्त्रता हनन्का घटनामा कमी ल्याउनका लागि अहिले विभिन्न ११ जिल्लामा फ्रिमिडिया नेटवर्कमार्फत महासंघले काम गरिरहेको छ । यस्तो बैठकमा सुरक्षा, प्रसासनलगायत सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति हुन्छ ।

## नागरिक अधिकारका पक्षमा पत्रकार महासंघ

नेपालको संविधानले हरेक नागरिकलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको छ । तर, संविधानमा व्यवस्था भएका नागरिक अधिकार हनन्का लागि विभिन्न प्रकारले सरकारले प्रयास गरिरहेको छ । राज्यका विभिन्न निकायले संविधानले प्रत्याभूत गरेको नागरिक अधिकारको खिल्ली उडाउने काम गरिरहेका छन् । महासंघले नागरिक अधिकारका पक्षमा पनि यो बीचमा उल्लेख्य काम गरेको छ । सरकारले राष्ट्रिय प्रसारण नियमावली सार्वजनिक गर्दै प्रेसको मात्र नभएर नागरिककै मुख बन्द गर्ने प्रयास गरेको छ । समयमा नै महासंघले गरेको प्रतिवाद तथा दवावले सरकारले नियमावली नै सच्चाएर जाने प्रतिवद्धता जनाएको छ ।

नागरिक अधिकारको हनन्का घटनामा हामीले आफ्नो दृष्टिकोण संविधान तथा विभिन्न कानूनले प्रत्याभूत गरेको अधिकारका पक्षमा नै प्रष्ट राख्दै आएका छौँ । संघीय सरकारले मात्र नभएर प्रदेश तथा स्थानीय सरकारले समेत नागरिक अधिकारविरूद्ध गरेका क्रियाकलापको महासंघले विरोध गरेको छ । संविधानको अक्षरशः कार्यान्वयनका लागि महासंघले बेलाबेलामा विभिन्न निकायको ध्यानाकर्षण गराउँदै आएको छ । यो बीचमा तत्कालीन सम्मानित राष्ट्रपतिबाट भएको संविधानविरूद्धको कद्म, सर्वोच्च अदालतमा देखिएको अन्यौलता, विभिन्न राजनीतिक दलको नेतृत्वले गरेको शक्ति पृथकीकरणको सिद्धान्तविरूद्धको काम, नागरिक अधिकार, विधिको शासन र लोकतान्त्रिक मूल्यमान्यताका विषयमा हामीले ध्यानाकर्षण गराउँदै आएका छौँ ।

संविधान प्रतिकूल हुने जुनसुकै क्रियाकलापका विरूद्धमा हामीले प्रष्टसँग आफ्नो दृष्टिकोण राखेका छौँ । पत्रकार महासंघले समग्रतामा नेपाली पत्रकारको हितसँगै नागरिकका कुरालाई पनि प्राथमिकतामा राखेर काम गरिरहेको छ । नागरिक

अधिकारको संवैधानिक प्रत्याभूतिका लागि विभिन्न संघसंस्थासँग मिलेरै काम गर्नुपर्ने आवश्यकता छ । महासंघले नागरिक अधिकार तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील नेपाल बार एसोसिएसन, राष्ट्रिय मानवअधिकार आयोग, गैरसरकारी संस्था महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल चिकित्सक संघलगायतका संघसंस्थासँगको सहकार्य थप बलियो बनाउनुपर्ने आवश्यकता छ ।

संविधानले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक नागरिकलाई प्रत्याभूत गर्न हामीले राष्ट्रिय सूचना आयोगसँग मिलेर विभिन्न जिल्लामा कार्यक्रम गरेका छौँ । विभिन्न संवैधानिक आयोग र संवैधानिक निकायसँग पनि थप समन्वय गरेर अगाडि बढ्दा नागरिक अधिकार प्रत्याभूत गर्न सजिलो हुने भएकाले यसलाई प्राथमिकतामा राखेर काम गरिएको छ । पछिल्लो समय सरकारले सूचनाको वर्गीकरण गरेर सूचना लुकाउने प्रयास गरेको थियो । महासंघले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर वर्गीकरण फिर्ताका लागि आग्रह गरेको थियो । त्यसलगत्तै सरकार आफ्नो कदमबाट पछि हटेको थियो ।

## सञ्चार नीतिमा महासंघको भूमिका

प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल सकिएर नयाँ प्रतिनिधिसभा सदस्य हालै निर्वाचित भएका छन् । पछिल्लो पाँच वर्षमा संविधानअनुसार बन्नुपर्ने विभिन्न सञ्चार कानुनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बन्न सकेनन् । आमसञ्चार ऐनलाई कार्यान्वयन गर्न बन्नुपर्ने नयाँ कानुनहरू बन्न सकेका छैनन् । बनेका केही कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री नभएको र बन्ने क्रममा रहेका कानुनका विषयमा समेत महासंघको असहमति भएकाले ती कानूनलाई सच्चाउनुपर्ने महासंघसामु ठूलो चुनौती छ ।

पछिल्लो समय महासंघले निरन्तर विभिन्न कानुनका विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । बनेका र बन्ने क्रममा रहेका केही कानूनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री नभएकाले महासंघले पटकपटक ती कानून सच्चाउनका लागि पहल गरेको छ । सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (पीएसबी) विश्वव्यापी मान्यताविरूद्धमा भएकाले सच्चाउनका लागि महासंघले दवाव दिएको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाका माननीयसँग अन्तरसंवाद नै गरिएको छ ।

महासंघले तत्कालीन प्रधानमन्त्री, सभामुख, सञ्चारमन्त्रीलगायतसँग सञ्चार कानुनका विषयमा छलफल गरेको छ । अहिलेका राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, सञ्चारमन्त्रीलगायतसँग पनि महासंघले सञ्चार कानुनमा ध्यानाकर्षण गराएको छ । अहिले महासंघकै पूर्वअध्यक्ष डा. सुरेश आचार्य, डा. महेन्द्र विष्ट, निवर्तमान अध्यक्ष गोविन्द आचार्य र महासंघकै अध्यक्ष विपुल पोखेलसमेत रहेको एक समितिमार्फत सरकारले सञ्चार कानुनलाई अन्तिम ड्राफ्ट बनाउने काम गरिरहेको छ । यो सकरात्मक पक्ष हो ।

प्रदेश तथा स्थानीय सरकारले ल्याएका र ल्याउँदै गरेका कानुनलाई पनि प्रेस तथा नागरिक अधिकारमैत्री बनाउन महासंघले पहल गरेको छ । महासंघका सल्लाहकार एवं निवर्तमान अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा बनेको मस्यौदा कानुनलाई हामीले विभिन्न प्रदेश र स्थानीय सरकारसँग छलफल गरेका छौँ । प्रदेश र स्थानीय

सरकारको अधिकारका विषयमा हामीले विभिन्न छलफलहरू सञ्चालन गरेका छौँ । विभिन्न प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रममार्फत हामीले गम्भीर चासो दिएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानून निर्माणका लागि दबाब दिएका छौँ ।

स्थानीय निकायको निर्वाचनको समयमा दलहरूलाई सञ्चारसम्बन्धी स्थानीय सरकारको अधिकार र प्राथमिकताका विषयमा हामीले विभिन्न छलफल कार्यक्रम मार्फत प्राथमिकतामा राख्न पहल गरेका थियौँ । निर्वाचित केही स्थानीय तहका प्रमुख, उपप्रमुखहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन बनाउने प्रतिवद्धता पनि जनाएका छन् । संविधानले नेपालका तीनवटै सरकारलाई सञ्चारसम्बद्ध कानुन निर्माणका लागि अधिकार दिएको छ । संविधानले दिएको अधिकार प्रयोगका विषयमा तीनवटै सरकारका आआफ्नै बुझाई र व्यवहार भएका कारणले विभिन्न ठाउँमा समस्या निम्तिएको छ । महासंघले स्थानीय, प्रदेश र संघीय सरकारलाई कानूनको मस्यौदा बनाएर बुझाएको छ ।

निवर्तमान कार्यसमितिमार्फत शुरू भएको कानुनको मस्यौदा बनाएर सरोकारवाला निकायसँग संवाद गर्ने कार्यलाई यो अवधिमा तीब्रता दिइएको छ । त्यसरी मस्यौदा बनाएर काम गर्दा केही संघ, प्रदेश र स्थानीय तहका कानुनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन सफलता प्राप्त भएको छ । लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश र प्रदेश १ मा कानुन सच्याउन उल्लेखनीय काम गरिएको छ ।

नेपाल पत्रकार महासंघको दबाबमा संविधानमा पूर्ण प्रेस स्वतन्त्रता भनिए पनि कतिपय प्रावधानले अझै पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने भएकाले त्यसको पूर्ण कानूनी व्याख्याको आवश्यकता छ । त्यसैले महासंघले सर्वोच्च अदालतको संवैधानिक इजलासमार्फत पूर्ण प्रेस स्वतन्त्रताको ब्याख्या र अब बन्ने कानुनमा प्रेसलाई नियन्त्रण गर्ने खालका प्रावधान नराख्नका लागि कानुनी उपचार खोजी शुरू गरेको छ । त्यसका लागि कानुनी उपचार खोज्ने प्रक्रिया शुरू भएको छ । अहिले विभिन्न कानुन आकर्षित गरेर पत्रकारलाई दुःख दिने कामको अन्त्यका लागि यसले सघाउने विश्वास महासंघले गरेको छ ।

पत्रकारले तल्लो तहबाटै सेवासुविधा प्राप्त गर्ने,ससाना कामका लागि काठमाडौं वा प्रदेश राजधानी वा जिल्ला सदरमुकाम धाउनुपर्ने अवस्थाको अन्त्यका लागि नयाँ बन्ने कानुनमा ध्यान दिन आवश्यक छ । प्रेस पास, नवीकरण, कम्पनी अध्यावधिकलगायतका सेवा तल्लो निकायबाटै प्राप्त गर्नेगरी काम गर्नुपर्ने आवश्यकता रहेको छ ।

## प्रेसको विश्वव्यापी सूचकांकमा सुधारको प्रयास

नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताले सम्बन्धित देशको लोकतान्त्रिक अभ्यासलाई दर्शाउने गर्छ । प्रेस स्वतन्त्रताको विश्वव्यापी सूचकांकमा नेपालले यो वर्ष अहिलेसम्मकै राम्रो स्थान बनाएको छ । १०६ स्थानमा रहेको नेपालले ३० स्थान सुधार गर्दै यो वर्ष ७६ औँ स्थान बनाउन सफल भएको छ । रिपोटर्स विथआउट बोडर्स (आरएसएफ)ले हरेक वर्ष सार्वजनिक गर्ने प्रेस स्वतन्त्रता सूचकांकमा दक्षिण एसियामा भुटान सबैभन्दा राम्रो अवस्था अर्थात ३३औँ स्थानमा छ । अघिल्लो वर्ष भुटान ६५औँ स्थानमा रहेको थियो । नेपाल १०६ औँ स्थानमा रहेको थियो । यो वर्ष दक्षिण एसियाका देशहरू

माल्दिभ्स ८७, भारत १५०, पाकिस्तान १५७, बंगलादेश १६२, श्रीलंका १४६ र अफगानस्तान १५६ औँ स्थानमा छन् ।

दक्षिण एसियामा प्रेस स्वतन्त्रता सूचकांक सुधार हुने देशमा नेपालसँगै भुटानमात्रै रहेको छ । सूचीको पहिलो स्थानमा नर्वे, दोस्रोमा डेनमार्क, तेस्रोमा स्वीडेन र चौथो स्थानमा एस्टोनिया रहेका छन् । लोकतान्त्रिक देशका लागि आवश्यक अवयवहरूको आधार पनि झल्किने भएकाले सूचकांकले नेपालको अभिव्यक्ति स्वतन्त्रता, शासन व्यवस्था, नागरिकको अवस्थालगायतका विषयलाई अन्तर्राष्ट्रिय जगतमा झल्काउने काम गर्छ । तर, नेपालीभाषीका बारेमा सकारात्मक समाचार लेख्नै नपाइने र राज्यका कारण सेल्फ सेन्सरसिपको मारमा परेको भुटानको नेपालभन्दा धेरै नै सुधार गरिएको विवरणले भने सूचकांकमै प्रश्नहरू उठेका छन् ।

सूचकांकका विषयमा हामीले आरएसएफ नेतृत्वसँग छलफल गरेका छौँ । प्रेस स्वतन्त्रता सूचकांकको विश्वसनीयताका विषयमा बहस आवश्यक छ । युनेस्कोले आयोजना गरेको अन्तर्राष्ट्रिय कार्यक्रममा यो विषयमा महासंघको तर्फबाट सूचकांकको विश्वसनीयताका बारेमा बहस गरिएको छ । प्रेस स्वतन्त्रता सूचकांकमा नेपालको अवस्था सुधार गर्न र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्बाध प्रयोगका लागि हामीले पहल गरेका छौँ । पत्रकारलाई साइबर क्राइम वा अन्य क्षेत्रका कानुन लगाएर दुःख दिने गरिएकोप्रति महासंघले विरोध गर्दै आइरहेको छ । महान्यायाधीवक्ताको कार्यालय, नेपाल प्रहरीको उच्च नेतृत्वसँग पटकपटक यो विषयमा हामीले छलफल गरेका छौँ ।

**(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव हुनुहुन्छ ।)**

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन



**नेपाल पत्रकार महासंघ**